**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 23.09.2026**

## विश्व आयुर्वेद दिवस 2026 को अवसरमा मुख्यमन्त्रीको सन्देश

मुख्यमन्त्री प्रेम सिंह तामाङले विश्व आयुर्वेद दिवस 2026 को अवसरमा सिक्किमका जनता र आयुर्वेदको प्रवर्धन र अभ्याससँग सम्बन्धित सबैलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। श्री तामाङले भन्नुभयो, यस वर्षको विषयवस्तु, "स्वस्थ भविष्य लागि आयुर्वेद" ले हाम्रो समाजको विकसित स्वास्थ्य आवश्यकताहरूलाई सम्बोधन गर्न भारतको प्राचीन ज्ञान प्रणालीको कालातीत प्रासंगिकतालाई सुन्दर ढंगले प्रतिबिम्बित गर्दछ। उहाँले भन्नुभयो, समृद्ध जैविक विविधता, परम्परागत ज्ञान र प्रकृतिसँगको गहिरो सम्बन्धको साथ, सिक्किमले कल्याण प्रवर्धन र हाम्रो पारम्परिक चिकित्सा पद्धतिहरूको संरक्षणमा विशेष भूमिका खेल्छ। उहाँले आयुष विभाग, आयुर्वेदिक अभ्यासकर्ताहरू, अनुसन्धानकर्ताहरू र स्वास्थ्य सेवा पेशेवरहरूको पनि हार्दिक प्रशंसा गर्नुभयो।

## मुख्यमन्त्री बिस्वकर्मा प्रतिभा सम्मान 2026 मा सहभागी

मुख्यमन्त्री प्रेमसिंह तामाङ आज गान्तोकको मानन केन्द्रमा आयोजित बिस्वकर्मा प्रतिभा सम्मान 2026 मा प्रमुख अतिथिका रुपमा सहभागी हुनुभयो।

## राज्यपाल ओम प्रकाश माथुरको 11 औं आयुर्वेद दिवसको अवसरमा सन्देश

आयुर्वेद दिवसको अवसरमा राज्यपाल ओम प्रकाश माथुरले सिक्किमका जनता सहित आयुर्वेद र आयुषसँग सम्बन्धित सबै डाक्टर, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी र स्वास्थ्यकर्मीहरुलाई शुभकामना व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, भारतको समृद्ध आयुर्वेद परम्पराले स्वास्थ्य केवल रोगमुक्ति न भई, जीवनको हरेक पक्षमा संतुलन र प्रकृतिका साथ सामंजस्य पनि हो भनि सिकाउछ। श्री माथुरले हामी सबै मिलेर आयुर्वेदलाई केवल एक दिनमा मात्र सीमित नगरौं, तर यसलाई घर, कार्यस्थल र समुदायको जीवन्त हिस्सा बनाउ, भन्नुभयो।

## 11 औं आयुर्वेद दिवसको अवसरमा स्वास्थ्य तथा परिवार कल्याण, आयुष र संस्कृति विभागका मन्त्रीको संन्देश

11औं आयुर्वेद दिवसको पावन अवसरमा, स्वास्थ्य तथा परिवार कल्याण, आयुष र संस्कृति विभागका मन्त्री G.T. ढुंगेल ले सिक्किमका जनताका साथै सम्पूर्ण आयुर्वेद चिकित्सक, आयुष पेशेवर, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी र सिक्किमका जनताको स्वास्थ्य तथा कल्याणका लागि कार्यरत सबैमा हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। श्री ढुंगेलले भन्नुभयो, हाम्रा पहाडहरूले असाधारण जैविक विविधता मात्र न भई, प्रकृतिसँग सामञ्जस्यपूर्ण रूपमा बाँच्नेसम्बन्धी पुस्ताहरु देखि चलि आएको ज्ञानलाई पनि संरक्षण गरेका छन्। हाम्रो समृद्ध उपचार पद्धतिसम्बन्धी विरासतमा आयुर्वेद, योग, प्राकृतिक चिकित्सा र होमियोप्याथीका साथै 'सोवा-रिग्पा' को हिमाली परम्परा पनि समावेश रहेको उहाँले भन्नुभयो।

**भाजपाः दार्जिलिङका सांसद तथा राष्ट्रिय प्रवक्ता राजु बिष्ट सिक्किमको पार्टी प्रभारी नियुक्त**

भाजपाले दार्जिलिङका सांसद तथा राष्ट्रिय प्रवक्ता राजु बिष्टलाई सिक्किमको पार्टी प्रभारी नियुक्त गरेको छ। पार्टीको पछिल्लो संगठनात्मक पुनर्गठन अन्तर्गत उनलाई यो जिम्मेवारी दिइएको हो। बिष्टको नियुक्तिसँगै सिक्किममा भाजपाको संगठन विस्तार र आगामी राजनीतिक गतिविधिमा उनको भूमिका महत्वपूर्ण हुने अपेक्षा गरिएको छ।

**तीन दिने संयुक्त निरीक्षण पछि रिम्बी सडक पुनर्स्थापित र सम्पर्कका लागि पुनः खोलियो**

सिक्किम सरकारका सडक तथा पुल मन्त्री एन.बी. दाहाल, गेजिंगका जिल्लापाल, इन्जिनियरिङ विभाग, गेजिंग र सम्बन्धित विभागका प्रमुखहरु सहित गरिएको तीन दिने संयुक्त निरीक्षण पछि, रिम्बी सडक पुनर्स्थापित गरी सवारी साधन सम्पर्कका लागि पुनः खोलिएको छ।

**मन्त्री सोनाम लामाले सम्द्रपछेमा जारी वज्र गुरु डुंगरुपको भ्रमण गर्नुभयो**

जनस्वास्थ्य अभियांत्रिकी', जलस्रोत तथा धार्मिक विभाग मन्त्री सोनाम लामाले आज नाम्ची जिल्लाको सम्ट्रपछेमा चलिरहेको वज्र गुरु डुंगड्डुपको प्रार्थना गर्न र आशीर्वाद लिन भ्रमण गर्नुभयो। मन्त्रीले पवित्र सभामा भाग लिदै सबै प्राणीहरूको शान्ति, सद्भाव र कल्याणको लागि प्रार्थना गर्नुभयो। वज्र गुरु डुंगड्डुप सिक्किम सरकारको धार्मिक विभागद्वारा समर्थित एक प्रमुख आध्यात्मिक सभा हो, जुन राज्यको समृद्ध धार्मिक र आध्यात्मिक सम्पदाको संरक्षण र प्रवर्धनतर्फको निरन्तर प्रयासको एक भाग हो। कार्यक्रम 25 सेप्टेम्बरमा समापन हुनेछ, भने 26 सेप्टेम्बरका दिन भक्तहरूलाई पवित्र 'वाङ' अर्थात् दीर्घ जीवन सशक्तिकरण प्रदान गरिनेछ।

**रम्फू नगर पञ्चायतद्वारा 'स्वच्छता ही सेवा २०२६' अन्तर्गत जनचेतना कार्यक्रमको आयोजना**

रम्फू नगर पञ्चायतले आज 'स्वच्छता ही सेवा 2026-स्वच्छताका लागि जनसहभागिता' अभियानको एक भागको रूपमा रम्फू मन्डी बजारमा जनचेतना कार्यक्रम आयोजना गर्यो।जसको उद्देश्य जनसहभागिता अभिवृद्धि गर्नु र फोहोर व्यवस्थापन सम्बन्धि जिम्मेवार अभ्यासहरूलाई प्रवर्धन गर्नु थियो। यस चेतनामूलक कार्यक्रमले प्रभावकारी तथा दिगो फोहोर व्यवस्थापनको मुख्य उपायका रूपमा 'स्रोतमानै फोहोरको वर्गीकरण' गर्ने कार्यको महत्त्वमा जोड दियो। त्यसपछि एउटा संक्षिप्त चेतनामूलक ऱ्याली पनि आयोजना गरियो, जसमा वडा पार्षद, नगरपालिकाका अधिकारी ,कर्मचारीहरू र सर्वसाधारणको सक्रिय सहभागिता रह्यो।